दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड - ३ संख्या - ४ मितिः २०७६।१२।२९

**भाग - २**

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति | २०७६।१२।२३ |

# दुहुँ गाँउपालिका घुम्ती पसल संचालन गर्न जारि गरिएको निर्देशिका २०७६

विश्वब्यापी कोभिड १९ कोरोना भाइरसको प्रकोप नियन्त्रण तथा रोकथाम गर्न नेपाल सरकार द्वारा लागु गरिएको लक डाउनका कारण दुहुँ गाँउपालिका भित्र आम जनता लाई दैनिक उपभोग्य खाद्य वस्तुहरुको अभाव सृजना भई जीवन यापनमा समस्या पर्न सक्ने संभावना लाई मध्येनजर गर्दै, सम्पुर्ण जनताहरुलाई सहज एवं सुपथ मूल्यमा  दैनिक उपभोग्य खाध्य वस्तुहरु उपलब्ध गराउने प्रयोजनका लागि दुहँ गाँउकार्यपालिकाले यो निर्देशिका जारी गरि लागु गरेको छ ।

दुहुँ गाउँपालिका

१.  नाम : यस निर्देशीकाको नाम दुहुँ गाँउपालका घुम्ति पसल संचालन निर्देशिका २०७७ रहेको छ।

२.  परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा:

क)  घुम्ति पसल भन्नाले दुहँ गाँउपालिका द्वारा अनुसूची ५  बमोजिमको दैनिक उपभोग्य वस्तुहरु प्राप्त हुने गरी

ख)  पाँच वटै वडाहरुमा स्थापना गरिएका नाफा रहित विक्री केन्द्रहरुलाई बुझ्नु पर्दछ।

ग)  लकडाउन भन्नाले नेपाल सरकार द्वारा कोरोना माहामारी रोकथाम र नियन्त्रण गर्न गरिएको वन्दावन्दीलाई बुझ्नु पर्दछ।

घ)  उपभोक्ता भन्नाले दुहुँगाँउपालिका भित्र वसोवास गर्ने सवै जनतालाई बुझ्नु पर्दछ।

ङ)  गाँउपालिका भन्नाले दुहुँ गाँउपालिकालाई बुझ्नु पर्दछ।

च)  वडा समिति भन्नाले वडा अध्यक्षको नेतृत्वमा रहेको वडा सदस्य सहितको समिति बुझ्नु पर्दछ।

छ)  विपन्न परिवार भन्नाले दुहुँ गाँउपालिकाको अभिलेखमा सुचीकृत दैनिक ज्यालादारी श्रमिक र असहाय व्यक्ति वुझ्नु पर्दछ।

३. दैनिक उपभोग्य वस्तु खरिद र विक्रीकेन्द्रलाई हस्तान्त्रण:  क) गाँउपालिकाले आवश्यकतानुसार जिल्ला स्थित वा जिल्ला वाहिरका आपुर्तीकर्ताहरुवाट दररेट प्राप्त गरि आवश्यक खाद्य वस्तु खरिद गर्नेछ।

ख) खरिद गरिएको खाद्य सामग्री गाँउपालिकाले वडाको विक्रीकेन्द्रमा अनुसूची १ बमोजिमको हस्तान्त्रण फारम भर्न लगाई वडा अध्यक्ष वा अध्यक्षले तोकेको वडा सदस्य वा वडाको कर्मचारीलाई हस्तान्त्रण गर्नु पर्नेछ।

४.  मुल्य निर्धारण: क वडाको विक्रीकेन्द्रमार्फत खाद्यवस्तु विक्रीवितरण गर्ने प्रयोजनका लागि मूल्य निर्धारण गर्न देहाय बमोजिमको मुल्य निर्धारण समिति रहनेछ।

| | |
|---|---|
| संयोजक | -गाँउपालिका अध्यक्ष |
| सदस्य | -गाँउपालिका उपाध्यक्ष |
| सदस्य | -आर्थिक समिति संयोजक |
| सदस्य सचीव | -प्रमुख प्रशासकीय अधिकृत |

ख) मुल्य निर्धारण समितिले क्रय मूल्य र ढुवानी भाडाको हिसाब गरी नाफा रहित दरमा मूल्य निर्धारण गरि यथा वडा कार्यालयलाई जानकारी गर्नेछ ।

ग) दफा ४(ख) मा जुनसुकै कुरा लेखेको भएतापनि गाँउकार्यपालिकाले कुनै वस्तु वा सबै वस्तुको भाडा अनुदान दिने गरी निर्णय गरेमा सोहि बमोजिम मूल्य निर्धारण समितिले मूल्य निर्धारण गर्नु पर्नेछ ।

५. बिक्री केन्द्र व्यवस्थापन समिति: क) बिक्रीकेन्द्रको व्यवस्थापन गर्न देहाय बमोजिमको व्यवस्थापन समिति रहनेछ

| | |
|---|---|
| संयोजक | वडा अध्यक्ष |
| सदस्य | वडा सदस्यहरु मध्ये वडा अध्यक्षले तोकेको एक जना । |
| सदस्य सचीव | वडा सचीव |

ख) व्यवस्थापन समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ ।

१. सकभर भाडा व्यहोर्न नपर्ने गरी विक्री कक्ष र बिक्री समय तोक्ने।

२. वडाको कर्मचारी मध्ये विक्री प्रतिनिधी तोक्ने ।

३. अनुसूची २ बमोजिमको बिक्री खाता भरी विक्री प्रतिनिधीलाई वस्तु बिक्री गर्न लगाउने ।

४. प्रति परिवार बिक्री गरिने बस्तुको मात्रा निर्धारण गर्ने ।

५. नियमित बिक्रीकेन्द्रको अनुगमन गर्ने ।

६. अनुसूची ३ बमोजिमको प्रतिवेदन नियमित रुपमा गाँउपालिका समक्ष पेश गर्ने ।

७. तोकिएको जिम्मवारी पुरा नगर्ने बिक्री प्रतिनिधीलाई गाँउपालिका समक्ष कार्यवाहिका लागि सिफारिस गर्ने ।

ग) विक्री प्रतिनिधीको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

१. अनुसूची १ बमोजिमको हस्तान्त्रण फारम भरि खाद्यान्नको आम्दानी बाध्ने ।

२. व्यवस्थापन समितिले तोकेको समय र परिमाणमा मूल्य निर्धारण समितिले तोकेको मुल्यमा वस्तु विक्री गर्ने ।

३. अनुसूची २ बमोजिमको दैनिक बिक्री खाता दुरुस्त राख्ने ।

४. दैनिक बिक्री वाट प्राप्त नगद र बिक्री साराशं प्रत्येक दिन वडा सचीवलाई बुझाउने ।

५. विक्री प्रतिनिधीको सेवासुविधा पालिकाले तोके बमोजिम हुनेछ ।

६. वडा सचिवहरुले बिक्री वाट प्राप्त नगद र बिक्री प्रतिवेदन प्रत्येक ३ दिनमा प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनु पर्नेछ।

७. गाँउकार्यपालिकाले आवश्यकतानुसार यस निर्देशीकाको प्रावधानमा परिवर्तन गर्न सकिनेछ।

दुँदुँ गाँउपालिका

## अनुसूची १

## दुहुँ गाँउपलिका हिकिला दार्चुला

## घुम्ती पसल खाद्यान्न हस्तान्त्रण फारम

बिक्री केन्द्रको नाम: वडा नं:

| क्र सं | खाद्यान्नको विवरण | ब्रान्ड | इकाई | जम्मा परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**बुझाउने ब्यक्तिको:**

नाम:

हस्ताक्षर:

पद

मिति:

**बुझ्ने व्यक्तिको**

नाम:

हस्ताक्षर:

पद:

मिति:

## अनुसूची - २

## दैनिक बिक्री खाता

## दुहुँ गाँउपालिका वाड नं.......... घुम्ति पसल

**मिति:**

| क्र.स. | उपभोक्ताको नाम | परिवारको संख्या | बिक्री गरिएको वस्तु | दर रु | परिमाण | जम्मा रु | क्रेताको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |

बिक्री प्रतिनिधीको नाम:

हस्ताक्षर:

मिति:

दुहुँ गाँउपालिका

**अनुसूची ३**

**घुम्ती पसल बिक्री प्रतिवेदन**

**दुहुँ गाँउपालका वाड नं.  .........**

| क्र.सं | वस्तुको नाम | मिति र परिमाण | | | जम्मा परिमाण | मुल्य | जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

वडा सचीवको नाम:

हस्ताक्षर:

मिति:

दुहुँ गाउँपालिका

**अनुसूची ५**

**घुम्ती पसलमा सुपथ मूल्यमा बिक्रीका लागि उपलब्ध हुने वस्तुहरुको विवरण ।**

| **क्र सं** | **खाद्य बस्तु** |
|---|---|
| १ | चामल |
| २ | दाल |
| ३ | तेल |
| ४ | नुन |
| ५ | चिनी |

आज्ञाले,

महेशबहादुर बम

प्रमुख प्रशासकीय अधिकृत

दुंदुभी गाउँपालिका